श्री मनकामना सामुदायिक वन उपभोक्ता समुह
वाणगंगा न.पा वडा नं. ०१ र ०२, कपिलवस्तु
बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना
दोस्रो पटक प्रकाशित मिति: २०८३/०८/०२

मनकामना सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान रुखहरु कटानबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।साथै संक्षिप्त सूचना मिति २०८३।०८।०२ गतेको मेचीकाली सन्देश पत्रिकामा प्रकाशित गरिएको छ ।मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिनको १२.०० बजे भित्र गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदावारको विवरण

क्र. स	स ट	जात	ग्रेड	थान	कुल परिमाण(क्यू फि.)	प्रति ईकाइ दर	न्युनतम मुल्यांकन	धाङ्ग नं.	लगत	प्र. काइ	सकल न खर्च
१	१७-२०८२/८३	अस्ना	A	३	७४.०३	४००	२९६१२	३८,३५		RF	प्रतिक्यु.फिट रु. ८०
			B	५	३८.१३	३००	११४३९				
			C	८	३५.४२	१००	३५४२				
		वोटधएरो	N	९	२३.५	१००	२३५०				
		जिगंट	N	३९	२४४.६४	१००	२४४६४				
		कर्मा	A	१	१२.४४	४००	४९७६				
			B	६	११४.४१	३००	३४३२३				
			C	१९	२७६.६४	१००	२७६६४				
		क्यमुन	N	३१	१९५.०२	१००	१९५०२				
		साल	A	२४	३६२.१६	१२५०	४५२७००				
			B	२४	२८७.१७	९००	२५८४५३				
			C	४४	१४९.२६	६००	८९५५६				
			D	८	१२.०२	३००	३६०६				
जम्मा				२२१	१८२४.८४		९६२१८७				

मुकुन्द बहादुर काकी
अध्यक्ष

१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०८/१६ (ख) समय :- दिनको ठीक ४:०० बजे सम्म (कार्यालय समय भित्र)।

२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०८/१७ (ख) दिनको ठीक १२:०० बजे सम्म।

(ख) बोलपत्र फारम प्रति लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय तथा डिभिजन वन कार्यालय, कपिलवस्तुबाट खरिद गरी समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा शाखा, कपिलवस्तुमा रहेको चल्ती खाता नं.-३११०१०००१०३१७००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्ने छ ।

४) लिलाम विक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गईहेर्न सकिनेछ ।

५) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६) निर्धारित गरिएको न्यूनतम संख्याको र रीतपुर्वक पर्न आएका सवै बोलपत्रहरु मिति २०८३/०८/१७ गते दिउँसो २.०० बजे समुहको कार्यालयमा साझीहरुको रोहवरमा खोलिनेछ।

७) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

८) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहमा हुनेछ ।

।।। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा क्रमशः सोहि बमोजिम हुनेछ ।

११) खाम सिलवन्दी नभइ प्राप्त हुन आएको बोलपत्र मान्य हुने छैन।

१२) एउटै व्यक्तिले एउटै फर्मको निवेदन लिएर माग गरेको लट अनुसारको १ वटा टेण्डर फाराम माग तथा खरिद गर्न पाउने छ । फर्मको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक वाट प्रमाणित प्रतिलिपी पेश गरे पश्चात् मात्र टेण्डर फाराम उपलवध गराइने छ ।

१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

CamScanner